# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नं.: १०३०

मितिः २०७९।७।१४

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ कातिक ४ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या : १०

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ कातिक ४ गते शुक्रबार दिनको ३:०० वजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | का.वा. सदस्य (वडा नं. ४) | श्री रेशम नेपाली | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | का.वा.सदस्य (वडा नं. ८) | श्री स्वयमकाजी पोटे | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु:

१. उपभोक्ता समितिको म्याद थप सम्बन्धमा,

२. बनेपा नगरपालिकाको आ.व. २०७९।०८० को स्थानीय दररेट स्वीकृति सम्बन्धमा,

३. निर्माण व्यवसायीको म्याद थप सम्बन्धमा,

४. मृगौला प्रत्यारोपण, डायलसिस, क्यान्सर, मेरुदण्ड, पक्षघात भएका दीर्घ बिरामीहरुलाई प्रति महिना रु. ५,०००। उपलब्ध गराउने सम्बन्धमा,

५. प्रधानमन्त्री रोजगार सम्बन्धी कार्यक्रम स्वीकृति, ज्याला दररेट ८० प्रयितशत कायम गर्ने, Priority List सूचिकृत गर्ने सम्बन्धमा,

६. अपाङ्ग पुनर्स्थापना केन्द्र, बनेपासँग एक वर्षको संझौता नविकरण गर्ने सम्बन्धमा,

७. रेयुकाई आँखा अस्पताल बनेपासँग मोतीबिन्दुको निशुल्क सल्यक्रियाका लागि संझौता नविकरण गर्ने सम्बन्धमा,

८. नगर प्रमुख र नगर उपप्रमुखको स्वकीय सचिवको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा र

९. स्पाइनल इन्जुरीसँग संझौता गर्ने सम्बन्धमा ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. अघिल्लो आ.व. २०७८।०७९ मा स्वीकृत भई सञ्चालन संझौता भएका योजना सञ्चालन गर्ने उपभोक्ता समितिहरुबाट सञ्चालन हुने योजनाहरु सम्पादन गरिसक्ने म्याद २०७९ साल पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

३. चालु आ.व. २०७९।०८० का लीग यस नगरपालिकाको स्थानीय दररेट निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा आ.व. २०७९।०८० का लागि निर्धारण काभ्रेपलाञ्चोक जिल्लाका लागि निर्धारित दररेटलाई नै स्थानीय दररेट कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. यस नगरपालिका अन्तर्ग स्वीकृत योजना सञ्चालनका लागि संझौता गरिएका निर्माण व्यवसायीहरुबाट म्याद थपका लागि माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा प्रचलित खरिद ऐन नियम अनुरुप म्याद गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. मृगौला प्रत्यारोपण, डायलसिस, क्यान्सर, मेरुदण्ड, पक्षघात भएका दीर्घ बिरामीहरुलाई प्रति महिना रु. ५,०००। उपलब्ध गराउने भनि नेपाल सरकारबाट भएको निर्णयानुसार उल्लेखित बमोजिमका बिरामीहरुलाई मासिक रु. ५,०००। दरले हुन आउने रकम कार्यालयकै तर्फबाट उपलब्ध गराउने र सोधभर्नाका लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

६. यस नगरपालिका क्षेत्रभित्र सञ्चालित तपसिल बमोजिमका संस्थाहरुबाट नगरबासीहरुलाई प्रदानहुने सेवालाई अघिल्लो आ.व. सरह नियमितता दिने विषयमा छलफल हुँदा अघिल्लो वर्ष भएको संझौता अनुरुप नै चालु आ.व.मा समेत सेवा प्रदान गर्ने गरी संझौता नविकरण गर्ने निर्णय गरियो ।

क) अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपा (अपाङ्गता भएका बालबालिकाहरुको उपचार)

ख) रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बनेपा (मोतिविन्दुको सल्यक्रिया)

ग) NNCTR बनेपा, (पाठेघरको क्यान्सर सम्बन्धी परीक्षण परामर्श) ।

७. यस नगरपालिकाका नगर प्रमुख र उपप्रमुखका स्वकीय सचिवमा नियुक्त भएका तपसिलमा उल्लेखित व्यक्तिहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक

क) नगर प्रमुखका निजी सचिव श्री उज्वल प्रधान, बनेपा ७

ख) उपप्रमुखका निजी सचिव श्री शोभा घिमिरे, बनेपा २

८. यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक निर्धारित दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट बस्ने गरी हरेक महिनाको ६ गते र २१ गते बस्ने प्रबन्ध मिलाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत